केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : nrbmfpsd@nrb.org.np
Web site : www.nrb.org.np
पोष्टबक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

पत्र संख्या: ल.वि.सं.सु.वि.४गैर-स्थलगत /नेष्ठो समृद्ध/०७९/८०।३०९ मिति : २०८०/०१/०४

श्री नेष्ठो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड
कुश्मा, पर्वत ।

विषय : **वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, सोसँग सम्बन्धित अनुसूचीहरू, वाह्य लेखापरीक्षकको प्रतिवेदन, लङ्ग फर्म अडिट रिपोर्ट समेतका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा दिइएका देहायका निर्देशनहरू शेयरधनीहरूको जानकारीको लागि संस्थाको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाको आर्थिक वर्ष २०७७/७८ सम्मको सञ्चित मुनाफा र आर्थिक वर्ष २०७८/७९ को खुद नाफाबाट २०७९ असार मसान्तमा कायम चुक्ता पुंजी रु.२५,५०,००,०००।- (अक्षरेपी पच्चीस करोड पचास लाख मात्र) को १७.९३४२ प्रतिशतले हुन आउने लाभांश रकम रु.४,५७,३२,२१०।- (अक्षरेपी चार करोड सन्ताउन्न लाख बत्तीस हजार दुईसय दश मात्र) (नगद वा बोनस तथा कर प्रयोजनको लागि समेत) आयकर ऐन तथा नियमावली र अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना गर्ने गरी साधारण सभाबाट स्वीकृत गरे पश्चात् वितरण गर्ने स्वीकृति प्रदान गरिएको तथा संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरणहरू प्रकाशन गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ६/०७८ को बुँदा नं. ६ बमोजिम गठन भएका आन्तरिक समिति तथा उपसमितिहरुले गर्नु पर्ने काम, कर्तव्य र उत्तरदायित्वमा तोकिएबमोजिमको कार्य गर्ने गरी समिति तथा उपसमितिहरुलाई क्रियाशील बनाउनु हुन ।

(ख) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ११/०७८ को बुँदा नं.२ को उपबुँदा नं.२.२ मा भएको व्यवस्था बमोजिम कर्जा सम्बन्धी विवरण महिना भुक्तान भएको १५ दिनभित्र कर्जा सूचना केन्द्रमा अद्यावधिक गर्नु हुन ।

(ग) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं.१९/०७८ को बुंदा नं.२ (ख) मा भएको व्यवस्था बमोजिम मात्र सेवा शुल्क लिने गर्नु हुन । साथै, यस बैंकको निर्देशन विपरित लिएको सेवा शुल्क रकम रु.२,८१,८१,२८८।- (अक्षरेपी दुई करोड एकासी लाख एकासी हजार दुई सय अठासी मात्र) १५ दिनभित्र सम्बन्धित ऋणी सदस्यहरुको खातामा जम्मा गरी जानकारी गराउनु हुन ।

(घ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. १४/०७८ को बुंदा ५ मा दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द पिडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह हुने विपन्न वर्ग कर्जामा लिने ब्याज दरमा १ प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था गर्नु पर्नेछ भन्ने व्यवस्थाको पालना गर्नु हुन ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : nrbmfpsd@nrb.org.np
Web site : www.nrb.org.np
पोष्टबक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

(ङ) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. ४/०७८ को बुँदा १ को (ज)(आ) मा ग्राहक संरक्षण कोषमा रहेको रकमलाई Earmark गरी लगानी गर्नु पर्ने र त्यस्तो लगानीबाट प्राप्त आम्दानी सोही कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भए अनुसार ग्राहक संरक्षण कोषमा रहेको रकमलाई Earmark गरी लगानी गर्नु हुन ।

(च) संस्थाको आन्तरिक लेखापरीक्षण विभागमा पर्याप्त जनशक्तिको व्यवस्था गरी आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु हुन । साथै, शाखा कार्यालयहरुको अनुगमन तथा निरीक्षण कार्यलाई समेत चुस्त बनाउनु हुन ।

(छ) संस्थाको २०७९ असार मसान्तसम्म कायम रहेको चुक्ता पुँजी रु.२५,५०,००,०००। को १७.९३४२ प्रतिशतले हुने लाभांश रकम रु.४,५७,३२,२१०। (अक्षरेपी चार करोड सन्ताउन्न लाख बत्तीस हजार दुईसय दश मात्र) (नगद वा बोनस तथा कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृति प्रदान भएकोले संस्थाको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण भएको वित्तीय विवरणमा उल्लेखित प्रस्तावित लाभांशलाई नेपाल राष्ट्र बैंकको पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/घ/५/०७९/८० मिति २०७९/११/१० को निर्देशन बमोजिम समायोजन गर्नु हुन ।

(ज) संस्थाले तयार गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिमको वित्तीय विवरण वार्षिक प्रतिवेदन पुस्तिकामा प्रकाशित गर्नु हुन ।

(झ) संस्थाको आन्तरिक लेखापरीक्षण र बाह्य लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका थप अन्य कैफियतहरू पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(तेजबहादुर खाँण)
उप-निर्देशक

बोधार्थ:
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।